# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय

च. नं. :- (शै.प्र.शा.) ५१२/०७९/०८० हेटौंडा, मकवानपुर

मितिः २०७९/०९/२२

### वन विज्ञान स्नातकोत्तर (M.Sc. Forestry) तहको प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्वन्धि सूचना

(गोरखापत्रमा प्रकाशित मिति २०७९/०९/२३ गते)

शैक्षिक वर्ष २०७९/०८० को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौडा, मकवानपुरमा सञ्चालन हुने वन विज्ञान (M.Sc. Forestry) स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट Online आवेदन माग गरिएको छ । उक्त तहको भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, नागरिकताको प्रमाणपत्र, बैङ्क भौचर र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो साथै आवेदकको हस्ताक्षरको नमुना Scanning गरी संलग्न गर्नु पर्नेछ । नेपाल सरकारबाट स्थापित विश्वविद्यालय तथा शैक्षिक संस्था बाहेक अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाबाट एस.एल.सी., प्रमाणपत्र तह वा १२ कक्षा, स्नातक तह वा सो सरह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** बि.एस्सी.(वन विज्ञान) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।
   **योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।**

२. **आवेदन फाराम र प्रवेश परीक्षाको शुल्क :** प्रवेश परीक्षा शुल्क रु.३,०००।- (तीन हजार रुपैंया) तोकिएको छ । सो रकम आवेदन फाराम भर्ने स्थानमा रहेको **Online Payment Link** बाट **E-Sewa, Connect IPS** र **Khalti App** बाट जम्मा गर्न सकिनेछ । साथै **Siddhartha Bank** को **Mobile Banking App** को **Payment Menu** बाट **AFU Entrance** मार्फत पनि जम्मा गर्न सकिनेछ । **रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोबाईल नम्बर अनिवार्य लेखिएको हुनु पर्नेछ ।** एकै मोबाईल नम्बरमा एक भन्दा बढि आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । अनलाइन माध्यमबाट रकम जम्मा गर्दा वन विज्ञान संकाय वाहेक अरु संकाय छनौट गरि रकम दाखिला गरे आवेदन दिन नमिल्ने साथै **सो रकम फिर्ता पनि नहुने हुँदा** संकाय निश्चित गरेर मात्र जम्मा गर्नु पर्नेछ ।

३. **आवेदन फाराम भर्ने अवधि :** २०७९ साल माघ २४ गते मङ्गलबार राती १२:०० बजेसम्म यस विश्वविद्यालयको वेभसाइट www.entrance.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ । **Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा info@afu.edu.np वा ई.पुजन बस्यालको मोवाइल नं.९८४९८२९९३३ मा Viber र Whatsapp बाट सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।** रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको Online आवेदन उपर कुनै कारवाही गरिने छैन । **प्रवेशपत्र लिनको लागि आवेदक स्वयंले Online Portal बाटै Download गरि Print गर्नु पर्नेछ ।**

डीन

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :-



४. Online application बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फाराम तथा अन्य कागजातहरु उपर कुनै कारवाही गरिने छैन । साथै कुनै कारणले कुनै कागजपत्र नपुगेमा बैङ्कमा जम्मा गरेको रकम फिर्ता हुनेछैन ।

५. **प्रवेश परीक्षा मिति, समय र स्थान :** २०७९ साल माघ २८ गते शनिबार विहान ११:०० बजे वन विज्ञान संकाय, हेटौडामा सञ्चालन गरिनेछ ।

६. **परीक्षाफल प्रकाशन :** २०७९ साल माघ २८ गते शनिबार परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

७. **भर्ना शुरु हुने :** २०७९ साल माघ २९ गते आइतबार देखि ।

८. **भर्नाको आधार :** प्रवेश परीक्षालाई ९० प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार भर्नाको लागि नामावली प्रकाशन गरिनेछ। प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।

९. स्नातक तहको पाठ्यक्रमबाट निम्न विषयहरुमा कुल ९० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ, जसको लागि ७० मिनेट समय दिइनेछ । प्रवेश परीक्षामा समावेश गरिने विषयहरु र प्रश्न संख्या निम्नानुसार हुनेछन् ।

(a) Silviculture - 10
(b) Forest Management - 10
(c) Forest Ecology - 5
(d) Agroforestry - 5
(e) Forest Protection - 5
(f) Community Forestry - 10
(g) Soil Conservation -10
(h) Forest Utilization - 10
(i) Watershed Management - 5
(j) Wildlife and Planning and Management of National Parks and Protected Areas - 10
(k) Forest Mensuration, Biometrics and Research - 10

१०. **भर्ना कोटा विवरण :**

एम.एस्सी. फरेष्ट्री तहमा मेरिटको आधारमा निम्नानुसारको विद्यार्थी भर्ना लिईनेछ ।

| क.सं. | कोटा | सीट संख्या |
|---|---|---|
| (क) | Subsidized Student | ४ |
| (ख) | Full Pay Student | २९ |
| (ग) | Ministry of Forest & Environment (Sponsored Student) | ३ |
| (घ) | UDF (Merit Student) | ८ |
| | जम्मा | ४४ |

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
### हेटौंडा, मकवानपुर

च. नं. :-



कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय बीच MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु UDF कोटामा समावेश गरि निरन्तरता दिईनेछ । मेरीटको आधारमा भर्ना भएका विद्यार्थीहरुको भर्ना रद्द भएमा वा गरेमा रिक्त स्थानमा प्रवेश परीक्षामा उत्तीर्णको मेरिट योग्यताक्रमानुसार नै अर्को विद्यार्थी भर्ना गरिनेछ ।

११. **भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनको लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) पासपोर्ट साइजको फोटो ३ (तीन)
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) एस.एल.सी. को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
घ) प्रमाणपत्र तह वा १२ कक्षाको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
ङ) प्रमाणपत्र तह वा १२ कक्षाको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
च) स्नातक तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
छ) स्नातक तहको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
ज) नेपाल बाहेक अन्य विश्वविद्यालयबाट उत्तीर्ण गरेको भएमा समानस्तर निर्धारण (Equivalent Certificate) को प्रमाणपत्र
झ) सम्वन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ञ) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च :** भर्ना हुन आउँदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समय भित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको आर्थिक प्रशासन शाखामा दाखिला गरि आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासन शाखामा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याएको सक्कल प्रमाणपत्रहरुको रुजू गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरीए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रकृया रद्द गरिनेछ ।

१२. भर्ना सम्बन्धि सम्पूर्ण अधिकार वन विज्ञान संकाय, डीनको कार्यालयमा निहित हुनेछ ।

१३. अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा विश्वविद्यालयले सो को जिम्मेवारी लिने छैन।

१४. थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयंबाट व्यवस्था हुनु पर्नेछ ।

१५. भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन ।

१६. अभिमुखीकरण कक्षा (Orientation Class) र कक्षा संचालन बारे विस्तृत जानकारी www.afu.edu.np बाट पछि प्राप्त गर्न सकिनेछ ।

१७. **प्रत्येक विषयको सैद्धान्तिक र प्रयोगात्मक कक्षामा कम्तिमा ७० (सत्तरी) प्रतिशत हाजिरी भएका विद्यार्थी मात्र सेमेष्टरको नियमित परीक्षाको लागि योग्य ठहरिनेछ ।**

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर


च. नं. :-



१८. शुल्क विवरण :

| |
|---|
| ***Competitive subsidized student Fee (NRs):***<br>Admission Fee: 15000 (one-time payment)<br>Semester Fee: 5000/Semester<br>Tuition Fee: 1000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.84000.00**<br><br>***Competitive full pay student Fee (NRs):***<br>Admission Fee: 20000 (one-time payment)<br>Semester Fee: 10000/Semester<br>Tuition Fee: 2000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.158000.00**<br><br>***Ministry of Forest & Environment (Sponsored student Fee) / UDF (Merit student Fee) (NRs):***<br>Admission Fee: 25000 (one-time payment)<br>Semester Fee: 10000/Semester<br>Tuition Fee: 5000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.310000.00**<br><br>***Sponsored Foreign student Fee (US $):***<br>Admission Fee: 500 (one-time payment)<br>Semester Fee: 500/Semester<br>Tuition Fee: 100/credit hr<br>Total fee with minimum required credit hours: **US$7400.00** |
| **Registration Fee:** Rs.750.00 (one-time payment)<br>**Exam Fee:** Rs.1100/Semester |

☞ थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np/admission मा गई प्राप्त गर्न सकिनेछ ।

( प्रा.डा. बलराम भट्ट )
डीन
डीन